जीतपुरसिमरा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकुद महाशाखा)

जीतपुर, बारा

प्रदेश नं.२, नेपाल

पत्र संख्या : २०७८/०७९

च.नं. : ११००

मिति : २०७८।०६।१३

श्री ने.रा.मा.वि.जैतापुर,
जीतपुरसिमरा उ.म.न.पा.१७, बारा ।

श्री सरस्वती मा.वि. इनर्वासिरा,
जीतपुरसिमरा उ.म.न.पा. १९ बारा ।

प्रस्तुत विषयमा **तराइ–मधेश समृद्धि कार्यक्रम** केन्द्रिय समन्वय इकाइ, सिंहदरबार, काठमाण्डौंको प.सं. २०७७।०७८, च.नं. २१६, मिति २०७८।०३।१४ को प्राप्त पत्रानुसार ४ कोठे भवन निर्माणका लागि त्यस विद्यालययले पेश गरेको आयोजना प्रस्ताव तहाँ कार्यालयबाट स्वीकृत भएको हुनाले सम्झौता गर्नका लागि तपसिलका कागजातहरु सहित वि.सं. २०७८ असोज मसान्त भित्र यस कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ। साथै, उक्त कार्यक्रमका लागि केन्द्रीय अनुदान वापत् रु. ३० लाख प्राप्त हुने र बाँकी रकम लागत साझेदारी गर्नुपर्ने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

**तपसिल**

१. वि.व्य.स.को निर्णय ,
२. वडा समितिको सिफारिश पत्र,
३. लागत साझेदारी रकम व्यहोर्ने प्रतिवद्धता पत्र,
४. वि.सं.२०७८ मंसीर मसान्त भित्र कार्यक्रम कार्यान्वयन प्रकृया सुरु गर्ने प्रतिवद्धता पत्र ।

२०७८।६।१३

शिवजी प्रसाद
प्रमुख
शिक्षा युवा तथा खेलकुद महाशाखा

**बोधार्थ**

श्री १७ नं. वडा कार्यालय,जीतपुरसिमरा उ.म.न.पा.,बारा ।
श्री १९ नं. वडा कार्यालय,जीतपुरसिमरा उ.म.न.पा.,बारा ।
श्री क.प्र. शाखाः– यो पत्र सम्बन्धित वडामा मेल गरिदिन हुन ।
श्री सूचना तथा संचार शाखा :–यो पत्र वेवसाइटमा अपलोड गरिदिन हुन ।

Scanned with CamScanner